# लिखु तामाकोशी गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः३ | मितिः २०८०/१२/१४


भाग–२

## लिखु तामाकोशी गाउँपालिका

# माटो परिक्षण प्रयोगशाला सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

विरुवालाई आवश्यक सन्तुलित मलखादको मात्रा पुर्ति गरी कृषकहरुको खेतबारीमा आवश्यक पर्ने मलखादको मात्राको यथार्थ विवरण संकलन गरेर माटोको भौतिक एवम् रासायनिक गुणको अध्ययन गरी गुणस्तरिय बाली उत्पादनको लागि सहयोग पुर्याउन माटो परिक्षण गरी Soil Health Card वितरण कार्यक्रम सञ्चालन गर्ने लक्ष्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) ज ले दिएको अधिकार प्रयोग गरी लिखु तामाकोशी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

**परिच्छेद १**

# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१) यो कार्यविधिको नाम '**माटो परिक्षण प्रयोगशाला सञ्चालन कार्यविधि २०८०** रहेको छ।

१.२) यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

१.३) यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका भित्र लागू हुनेछ।

**२.परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) **"Soil Health Card"** भन्नाले कुनै स्थानको माटोको अवस्था दर्शाउन त्यस ठाँउको माटो परिक्षण गरी सो आधारमा दिईने प्रतिवेदन बुझ्नु पर्छ।

ख) "कार्यपालिका" भन्नाले लिखु तामाकोशी गाउँकार्यपालिका सम्झनु पर्दछ।

ग) "प्रयोगशाला" भन्नाले लिखु तामाकोशी गाउँपालिकाको माटो तथा मल परिक्षण प्रयोगशाला बुझ्नु पर्छ।

**३.उद्देश्य**: यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको:-

क) किसानलाई स्थानिय स्तरमा नै माटोको जाँच गरि सेवा उपलब्ध गराउने।

ख) माटोमा रहेको प्रदार्थको पहिचान, सम्बन्धित समस्याहरुको समाधान गर्दै प्राङ्गारिक स्रोतको प्रवर्द्धन गरी कृषि उत्पादनमा सुधार ल्याउने।

ग) माटोको भौतिक एवम् रासायनिक गुणको जानकारी लिने र प्राविधिकको सल्लाह अनुरूप माटोमा आवश्यक तथ्यहरुको उपलब्धता बढाई माटोको गुणमा सुधार ल्याउने।

# परिच्छेद २

# कार्यक्रम संचालन प्रकृया

**४. संञ्चालन गरिने कार्यक्रमहरू**

यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(क) लिखु तामाकोशी गाउँपालिकाको कार्यालयमा माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ।

(ख) प्रयोगशाला संचालनका लागि आवश्यक औजार, यन्त्र उपकरण, रसायन, किट्सहरु व्यवस्थापन गरिनेछ।

(ग) माटोको नमूना संकलन, माटो परिक्षणको आवश्यकता र परिक्षण व्यवस्थापन सम्बन्धमा लिखु तामाकोशी गाउँपालिका क्षेत्र भित्र भएका किसान, कृषि व्यबसायी, फार्म गठन भएका कृषक समुह तथा कृषि सहकारीहरुलाई सहभागीतामुलक फिल्डस्तरको तालिम संचालन गरिनेछ।

(ग) माटोको नमुना संकलन पश्चात प्रयोगशालामा ल्याई प्राविधिकहरु मार्फत उक्त माटोका नमुनाहरु परिक्षण गरिनेछ। माटोको नमुना परिक्षण गर्ने सम्बन्धमा आवश्यक पर्ने रसायन तथा माटोको गुणस्तर चेकजाँच गर्ने मेशिनरी,औजार,उपकरण खरिद गर्न सकिनेछ।

(घ) संकलित नमुनाको Routine analysis (पि.एच, प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस, पोटास) साथै सुक्ष्मतत्वहरूको परिक्षण गरी सोहि तत्वहरुका विश्लेषण गरी Soil Health Card मा समावेश गरिनेछ।

ङ) माटोको नमुनाहरू विश्लेषण पश्चात परिक्षणको नतिजाको आधार प्रतिवेदन तयार गरिनेछ।

(च) अन्तमा Soil Health Card वितरण गरिनेछ।

छ) Soil Health Card को प्रतिवेशन अनुसूची-१ बमोजिमको हुनेछ।

ज) कार्यक्रमको लागि लाग्ने खर्चहरुको सम्बन्धमा प्रचलित कानुन बमोजिम लागत अनुमान तयार गरी कार्यलय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

झ) माटो परिक्षण हप्तामा २ दिन (बुधबार र बिहिबार) गरिनेछ।

**५.** माटो परिक्षण गरी Soil Health Card वितरण कार्यक्रम प्रतिवेदन माटोको जांच गरी Soil Health Card प्राप्त किसानहरुको नाम, ठेगाना, माटोको परिणाम, मलखाद सिफारिस सहितको संलग्न प्रतिवेदन तयार गरी लिखु तामाकोशी गाउँपालिकाको माटो परिक्षण प्रयोगशालमा राख्नुपर्नेछ।

**६. माटो परिक्षण गरे वापत तपशिल वमोजिमको शुल्क लाग्ने छ।**

| S.N | Parameter | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| 1 | PH | १० | |
| 2 | Nitrogen | ४० | |
| 3 | Phosphorus | ४० | |
| 4 | Potas | ४० | |
| 5 | Micro- Nutrients | १०० | |

## परिच्छेद ३
## कार्यकम सञ्चालनको आर्थिक पक्ष

**६. आर्थिक अनुशासनः** कार्यक्रमका लागि आवश्यक सामाग्री औजार, यन्त्र उपकरण, रसायन, किट्सहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद ४
## विविध

**७.अनुगमन तथा मूल्याङ्कन**

क) लिखु तामाकोशी गाउँकार्यपालिकाबाट नियमित अनुगमन तथा मुल्याङ्कन हुनेछ

ख) लिखु तामाकोशी गाउँकार्यपालिकाबाट अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिनसक्ने।

**८. बाधा अड्काउ फुकाउ**:

१) कार्यविधि कार्यान्वयनको सन्दर्भमा लिखु तामाकोशी गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

२)कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आईपरेमा विवाद भएमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

३)कार्यविधिलाई आवश्यकता अनुसार लिखु तामाकोशी गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

## अनुसुची १

## माटो स्वस्थता प्रमाणपत्र( Soil Health Card SHC) को नमुना

| माटो स्वस्थता प्रमाणपत्र | |
|---|---|
| कृषकको विवरण | |
| नाम: | |
| ठेगाना: | |
| प्रदेश: | |
| जिल्ला: | |
| स्थानिय तह: | |
| परिचय खुल्ने प्रमाणपत्र : | |
| मो.नं | |
| माटो नमुना संकलन विवरण: | |
| माटो नमूना संकेत नं. | |
| नमूना संकलन मिति: | |
| जग्गाको क्षेत्रफल | |
| संचित /असंचित जग्गा : | |

| रिपोर्ट नं र मिति: | | | | |
|---|---|---|---|---|
| माटो परिक्षण नतिजा | | | | |
| S.N | Parameter | Unit | Fiscal Year | |
| 1 | PH | | | |
| 2 | Organic Carbon | % | | |
| 3 | Nitrogen | % | | |
| 4 | Phosphorus | KG/Ha | | |
| 5 | Potassium | Kg/Ha | | |
| 6 | Sulphur | PPM | | |
| | Zinc | PPM | | |
| 8 | Boron | PPM | | |
| 9 | Iron | PPM | | |
| 10 | Manganese | PPM | | |
| 11 | Cupper | PPM | | |
| 12 | Molybdenum | PPM | | |
| 13 | Texture | | | |
| 14 | Sand | % | | |
| 15 | Silt | % | | |
| 16 | Clay | % | | |

| प्रति इकाई मलखाद प्रयोग मात्रा सिफारस | | | | | |
|---|---|---|---|---|---|
| सि.न | वाली विरुवा | मलखाद | Urea/ropani or kattha | DAP/ropani or kattha | MOP ropani or kattha |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

| सि.न | Parameter | प्रति ईकाइ सिफारिस मात्रा |
|---|---|---|
| १. | Sulphur | |
| २. | Zince | |
| ३. | Boron | |
| ४. | Iron | |
| ५. | Manganese | |
| ६. | Copper(cu) | |

माटो जाचँ गर्ने प्राविधिकको
नाम:
पद:
दस्तखत:
मिति:

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/१२/१४ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(विनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०/१२/१४